# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल



प.सं.
च.नं.

मिति:.........२०७७।०७।१६....

विषय : कार्यक्रम माग गर्ने सम्बन्धी सूचना ।

श्री सामुदायीक विद्यालय सवै
राप्ती नगरपालिका ,चितवन

प्रस्तुत विषयमा आ. व. २०७७/२०७८ को संघिय सशर्त अनुदान तर्फको विद्यालय क्षेत्रविकास कार्यक्रम अन्तरगत स्विकृत वजेट र कार्यक्रम अनुसार विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान र विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवं कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान सम्बन्धि कार्यक्रमहरु विद्यालयले पेश गरेको प्रस्तावको आधारमा मुल्याङ्कन गरी अनुदान रकम निकासा गर्नुपर्ने भएकाले विद्यालयले आ-आफ्नो आवस्यकता अनुसार विगत पछिल्लो तिनवर्ष यता यस्ता प्रकृतिका कार्यक्रमहरु नपरेका विद्यालयहरुले वि.ब्या.स. बैठकको निर्णयबाट तोकिएको समयमा काम सम्पन्न गर्न सक्ने प्रतिवद्धता सहित तपशिल बमोजिमका कार्यक्रम र वजेटको लागि मिति २०७७ मंसिर १५ गते भित्र राप्ती नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा आईपुग्ने गरी मागप्रस्ताव पेश गर्नुहुन अनुरोध छ। साथै कार्यक्रम कार्यान्वयन प्रक्रिया शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८

२०७७/७/१६

शम्भुप्रसाद पौडेल
नगर शिक्षा अधिकारी

तपशिल

| क्रस | कार्यक्रम | पेश गर्नुपर्ने कागजात | उपलब्ध कोटा | प्रति कोटा रकम रु. |
|---|---|---|---|---|
| १ | तोकिएको सुचकांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा मात्र रकम खर्च गर्ने प्रतिवद्धता सहितको वि.ब्य.स. को बैठकको निर्णय , विद्यालय अनुदान ब्यबस्थापन निर्देशिका २०७४ को अनूसूची ३ बमोजिमको कार्यसम्पादन मुल्याङ्कन फाराम | ५ | ५० हजार |
| २ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा ब्यबस्थपन ( फर्निसिङ, किताव खरीद, तथा ई पुस्तकालय समेत) | लाइब्रेरी नभएका र विगतमा यस्तो कार्यक्रम नपरेका माध्यमिक विद्यालय, विद्यार्थी संख्या,छुट्टै कक्षाकोठा ब्यबस्थापन गर्ने वि.ब्य.स.को प्रतिवद्धता। | १ | ६ लाख ५० हजार |
| ३ | मा.वि. /निमावि को लागि शिक्षण सिकाइमा आइसिटि को प्रयोग (कम्प्युटर इन्टरनेट कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits खरीद) को लागि अनुदान | ICT को माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने शिक्षकको विवरण।यस पुर्व यस्तो कार्यक्रम परे नपरेको र कार्य सम्पन्न गर्ने वि.ब्य.स निर्णय | १ | ६लाख ५०हजार |
| ४ | माध्यमिक/निम्नमाध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | विद्यार्थी संख्या,यस पुर्व यस्तो कार्यक्रम परे नपरेको र कार्य सम्पन्न गर्ने बि.ब्य.स.को निर्णय। | १ | ६लाख ५०हजार |
| ५ | निम्नमाध्यमिक विद्यालयहरुमा गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री Kits अनुदान | यस पुर्व यस्तो कार्यक्रम परे नपरेको र कार्य सम्पन्न गर्ने बि.ब्य.स. को निर्णय । | १ | ५०हजार |
| ६ | WASH सुविधा भएको शौचालय निर्माण अनुदान | कुल लागतको ५ प्रतिशत जनश्रमदान ब्यहोर्ने र कार्य सम्पन्न गर्ने विद्यालय वि ब्य स को निर्णय, विद्यालयको भौतिक अवस्था खल्ने विवरण | ३ | ७लाख |

नोट:कार्यक्रम माग गर्ने विद्यालयले माथी उल्लेखित कागजातका अतिरिक्त तपशिल बमोजिमका विवरण अनिवार्यरुपमा बुझाई सकेको हुनुपर्नेछ।

१) विद्यार्थीले हासिल गरेको औषत सिकाई उपलब्धी २०७६
२) विद्यालय ब्यबस्थापन समिति गठनको अवस्था र विवरण
३) सामाजिक परिक्षण प्रतिवेदन
४) अध्यावधिक गरेको विद्यालय सुधार योजना
५) अन्य कार्यक्रमसंग सम्वन्धित बुझाउनु पर्ने बिलभरपाई,प्रतिवेदन आदी ।



Scanned with CamScanner